# जिल्ला समन्वय समितिको कार्यालय

**धनगढी, कैलाली**

**७ नं. प्रदेश, नेपाल**

## पत्रकारिता विकास सम्बन्धी प्रस्ताव आह्वान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७३ चैत्र १० गते**

यस कार्यालयको चालु आ.व.०७३/७४ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार जि.वि.स. कोष (आन्तरिक) बाट तपशिलमा उल्लिेखित कार्यक्रमहरु चालु आ.व. भित्र सम्पन्न गर्नु पर्ने भएको हुदाँ इच्छुक संघ/संस्थाहरु तथा श्रमजिवी पत्रकारहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयको आर्थिक प्रशासन शाखाबाट रु. ३००।- (अक्षरुपी तीन सय मात्र) नगदै तिरी (पछि फिर्ता नहुने गरी) कार्यालय समय भित्र आर्थिक प्रशासन शाखाबाट **कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्तावना (TOR)** खरिद गरी तथा यस कार्यालयको website:-www.ddckailali.gov.np बाट download गरि पेश गर्नका लागि यो सुचना प्रकाशित गरीएको छ । प्रस्ताव पेश गर्ने संस्था तथा व्यक्तिले तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही आवश्यक कागजातका प्रतिलिपीहरु, नगदी रसिद, प्रस्तावनाको प्रत्येक पेजमा सहीछाप गरी, सिलबन्दी खाममा लाहाछाप लगाई संघ/संस्था ब्यक्तिको नाम, आफुले प्रस्ताव पेश गरेको क्षेत्र, विषयबस्तु र स्थान समेत स्पष्ट रुपमा सिलबन्दी खाममा उल्लेख गर्नु पर्नेछ । रित नपुगी वा म्याद नाघी पर्न आएका प्रस्ताव उपर कुनै किसिमको कारवाही हुने छैन । प्रस्तावना खरिदको अन्तिम दिनको भोली पल्ट **(२०७३ चैत्र २५ गते)** दिउसो १२:०० बजे भित्र सो प्रस्ताव यस कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ र दर्ता भएका प्रस्तावहरु सोही दिनको दिउसो २.०० बजे यस कार्यालयमा खोलिने छ । प्रस्ताव खरिद र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ । यसमा उल्लेखित भएका बाहेक अन्य विषयहरुमा प्रचलित कानुन बमोजिम हुनेछ । यस सम्बन्धी थप जानकारीका लागि फो.नं. ०९१-५२४७४७ तथा www.ddckailali.gov.np वा यस कार्यालयमा कार्यालय समय भित्र सर्म्पक गर्नु हुन सूचित गरिन्छ ।

**प्रस्ताव पेश गर्न सकिने क्षेत्रहरु :**

| सूचना नं. | कार्यक्रमको नाम | परिणाम | रकम |
|---|---|---|---|
| १. | **जि.स.स.बाट संचालित गतिविधी एफ.एम.बाट प्रसारण** | | |
| क) | टीकापुर क्षेत्रका एफ.एम.बाट (टीकापुर न.पा. र जानकी गा.पा.) | १ एफ.एम. | ४५,०००।- |
| ख) | लम्की-बौनिया क्षेत्रका एफ.एम.बाट (लम्कीचुहा न.पा., बर्दगोरिया गा.पा. र मोहन्याल गा.पा.) | १ एफ.एम. | ४५,०००।- |
| ग) | सुख्खड-भजनी क्षेत्रका एफ.एम.बाट (घोडाघोडी न.पा., भजनी न.पा. र जोशीपुर गा.पा.) | १ एफ.एम. | ४५,०००।- |
| घ) | अत्तरिया-मसुरिया क्षेत्रका एफ.एम.बाट (गोदावरी न.पा. गौरीगंगा न.पा. र चुरे गा.पा.) | १ एफ.एम. | ४५,०००।- |
| ङ) | धनगढी-हसुलिया क्षेत्रका एफ.एम.बाट (धनगढी उ.म.न.पा. र कैलारी गा.पा.) | १ एफ.एम. | ४५,०००।- |
| २. | **जि.स.स.बाट संचालित गतिविधी टी.भी कार्यक्रमबाट प्रसारण** | | |
| क) | राष्ट्रिय स्तरका टी.भी.बाट प्रसारण हुने गरि प्रति टी.भी. पत्रकार रु. ३०,०००।- का दरले | ४ वटा टी.भी. | १,२०,०००।- |
| ख) | स्थानीय स्तरका टी.भी.बाट प्रसारण हुने गरि प्रति टी.भी. पत्रकार रु. २०,०००।- | १ वटा टी.भी. | २०,०००।- |
| ३. | पत्रकारहरुको क्षमता अभिवृद्धि तालिम ४ दिनको २० जनालाई | १ वटा | १,५०,०००।- |
| ४. | **फेलोसिप पत्रकारिता कार्यक्रम (पत्रपत्रिका तथा रेडियो/एफ.एम.बाट)** | | |
| क) | स्थानीय तथा राष्ट्रिय स्तरका पत्रपत्रिकाका पत्रकारका लागि फेलोसिप | १५ जना | २,२५,०००।- |

| | | | |
|---|---|---|---|
| | (लेखनवृत्ती) कार्यक्रम जनही रु. १५,०००।- का दरले | | |
| ख) | स्थानीय तथा राष्ट्रिय स्तरका रेडियो/एफ.एम.का पत्रकारका लागि फेलोसिप कार्यक्रम जनही रु. १५,०००।- का दरले | ७ जना | १,०५,०००।- |
| ५. | फिचर सम्पादन (फेलोसिप कार्यक्रम र टी.भी. कार्यक्रमको) | १ जना | ३६,४००।- |

**शर्तहरु :-**

१. रेडियो कार्यक्रमका सूचना नं. १ को क, ख, ग, घ र ङ का लागि तोकिएको क्षेत्र अनुसार सोही क्षेत्रमा रहेका एफ.एम. रेडियोहरुले प्रतिस्पर्धा गर्नुपर्ने छ । सो कार्यका लागि प्रस्ताव पेश गर्दा प्रस्ताव खरिदको नगदी रसिद, सूचना तथा सञ्चार मन्त्रालयद्धारा जारि गरिएको २०७४ साल अषाढ मसान्तसम्म समयावधी भएको इजाजत पत्र तथा नविकरण भएको प्रमाणपत्र, संस्था दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, आयकर छुटको प्रमाणपत्र (भएमा सो समेत), PAN/VAT को प्रमाणपत्रका प्रतिलिपीहरु पेश गर्नु पर्नेछ ।

२. सूचना नं. २ को (क) र (ख) का लागि राष्ट्रिय तथा स्थानीय टी.भी.बाट जि.स.स. गतिविधीहरु प्रसारण गर्न प्रस्ताव पेश गर्ने टी.भी. पत्रकारहरुले सम्बन्धित टेलिभिजनहरुको २०७४ साल अषाढ मसान्तसम्मका लागि संवाददाता हो भनी प्रमाणित गर्ने कागजातहरु (परिचय पत्र वा नियुक्ति पत्र) का साथै प्रस्ताव खरिद गरेको नगदी रसिद र नेपाली नागरिकताको प्रमाणपत्रका प्रतिलिपी सहितको प्रस्ताव पेश गर्नु पर्ने छ ।

३. सूचना नं. ३ को हकमा प्रस्ताव पेश गर्दा संचार संस्थाहरु मध्येबाट २०७४ साल अषाढ मसान्तसम्मको संस्था नविकरण भएको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, आयकर छुटको प्रमाणपत्र (भएमा सो समेत), PAN/VAT को प्रमाणपत्र, अनुभव सम्बन्धी प्रमाणका प्रतिलिपीहरु पेश गर्नु पर्नेछ ।

४. सूचना नं. ४ को (क) र (ख) का लागि श्रमजिवी पत्रकारहरुले प्रस्ताव पेश गर्दा २०७४ साल अषाढ मसान्तसम्मका लागि पत्रपत्रिका, रेडियो/एफ.एम.को संवाददाता/पत्रकार हो भनी प्रमाणित गर्ने कागजातहरु (परिचय पत्र वा नियुक्ति पत्र) आदीको प्रमाण र प्रस्ताव खरिदको नगदी रसिद र नेपाली नागरिकताको प्रमाणपत्रका प्रतिलिपीहरु पेश गर्नु पर्नेछ ।

५. सूचना नं. ५ को फिचर सम्पादनका लागि विज्ञ ब्यक्तिबाट प्रस्ताव पेश गर्दा कम्पतीका ७ (सात) वर्षको पत्रपत्रिका, टी.भी., एफ.एम./रेडियोको सम्पादक रहेको प्रमाण, कम्तीमा स्नातक तहको शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपी र प्रस्ताव खरिदको नगदी रसिद र नेपाली नागरिकताको प्रमाणपत्रका प्रतिलिपीहरु पेश गर्नु पर्नेछ ।

६. राष्ट्रिय/स्थानीय टी.भी.बाट प्रसारण गर्नु पर्ने कार्यक्रम र फेलोसिप पत्रकारिताको लागि विषयबस्तुहरु प्रस्तावनासाथ उपलब्ध गराइने छ ।

७. प्रस्तावना खरिद गर्दा संस्थाको हकमा संस्थाको निवेदन र ब्यक्तिको हकमा ब्यक्तिको निवेदनका आधारमा खरिद गर्न सकिने छ तथा यस कार्यालयको website:- www.ddckailali.gov.np बाट पनि सिधै download गरि प्रस्ताव पेश गर्दा प्रस्ताव खरिदको नगदी रसिद संलग्न गरि पेश गर्न सकिनेछ ।

८. ब्यक्ति वा संस्थाले एउटा मात्रै क्षेत्रमा प्रस्ताव पेश गर्नु पर्ने छ यदि एक भन्दा बढी क्षेत्रमा प्रस्ताव पेश गरेमा सबै प्रस्ताहरु स्वतः रद्द हुनेछन ।

९. ब्यक्ति वा संस्थाले प्रस्ताव गरेको रकममा प्रचलित नियमानुसार लाग्ने कर स्वयं प्रस्तावदाताले ब्यहोर्नु पर्ने छ ।

१०. उल्लेखित शर्त बमोजिमका कागजातहरु पेश नभएमा प्रस्ताव उपर कारवाही अगाडी बढाइने छैन ।

११. स्वीकृत भएका प्रस्ताव कुनै सूचना दिई वा नदिई जुनसुकै वेला जि.स.स.ले रद्द गर्न सक्नेछ ।

१२. यस सम्बन्धी कुनै किसिमको विवाद उत्पन्न भएमा जि.स.स.को निर्णय अन्तिम हुनेछ ।

स्थानीय विकास अधिकारी